फाराम ७

अनिवार्य अस्पताल भर्ना हुनु पर्ने निर्णय गरिएको सूचना

○ ○ ○ ○ ज्यू,

मिति साल महिना तारीक

○ ○ ○ गभर्नर

१ तपाईलाई तोकिएको मानसिक स्वास्थ्य चिकित्सकवाट गरिएको परीक्षणको नतिजा अनुसार अनिवार्य अस्पताल भर्ना हुनु पर्ने आवश्यक ठहरयाईएकोले यो सूचना जारी गरिएको छ।

२ तपाईको अस्पताल भर्ना "① मानसिक स्वास्थ्य तथा मानसिक समस्या कल्याणसंग संवन्धित कानुनको दफा २९ को नियमानुसार अनिवार्य अस्पताल भर्ना, ② मानसिक स्वास्थ्य तथा मानसिक समस्या कल्याणसंग संवन्धित कानुनको दफा २९ को २ को नियमानुसार आपतकालिन अनिवार्य अस्पताल भर्ना हो ।"

३ तपाईको भर्ना अवधिमा चिट्ठी वा पोष्टकार्ड आदि पठाउन वा प्राप्त गर्न बन्देज लगाईएको छैन । तर, खाममा संकास्पद वस्तु रहेको भन्ने निश्चित गरिएमा अस्पतालको कर्मचारीको उपस्थितिमा तपाईलाई खोल्न लगाएर त्यस संकास्पद सामाग्रीलाई अस्पतालले सुरक्षित राख्न पनि सक्दछ।

४ तपाईको भर्ना अवधिमा मानव अधिकार संरक्षण गर्ने सरकारी कार्यलयका कर्मचारी र तपाईको प्रतिनिधित्व गर्ने वकीलसंग टेलिफोन वा भेटवार्ता गर्ने, तपाई वा तपाईको परिवारको अनुरोधवाट तपाईको प्रतिनिधि हुन लागेको वकील संगको भेटघाटलाई बन्देज लगाईने छैन । तर, उक्त व्यक्तिहरु वाहेकका अन्यसंग टेलिफोन वा भेटवार्ता गर्ने संवन्धमा तपाईको स्वास्थ्य अवस्थालाई दृष्टिगत गरि चिकित्सकको निर्देशनवाट केहि समयावधिका लागि बन्देज लगाउने पनि हुन सक्दछ।

५ तपाईलाई उपचार गर्नु पर्ने आवश्यकता अनुसार क्रियाकलापमा सीमा तोकिने पनि हुन सक्दछ।

६ यदि तपाईले नबुझेका कुरा, स्विकार गर्न नसकिने बुदाहरु भएमा विना हिचकिचाहट अस्पतालको कर्मचारीलाई भन्नुहोला।

त्यस पश्च्यात पनि तपाईको अस्पताल भर्ना वा व्यवस्थापन प्रति असन्तुष्टी भएमा तपाई वा तपाईको परिवारले डिस्चार्ज अथवा अस्पतालको व्यवहार तथा व्यवस्थाको सुधार गराउन प्रिफेक्चरको गर्भनर समक्ष माग गर्न सकिन्छ । यस विषयमा विष्तृत विवरण बुझनका लागि अस्पतालको कर्मचारीलाई सोधपुछ गर्ने अथवा निम्न उल्लेखित स्थानमा सम्पर्क राख्नुहोला।

| प्रिफेक्चर गर्भनरको सम्पर्क (फोन नं सहित) |
|---|

७ अस्पतालको उपचार नीति नियमलाई पालना गरि स्वास्थ्य उपचारमा ध्यान दिनुहोस।

८ यस निर्णय प्रति असन्तुष्टि भएमा यो निर्णय भएको जानकारी पाएको दिनको भोलि पल्टको मिति देखिको हिसाबले ३ महिना भित्र स्वास्थ्य, श्रम तथा कल्याण मन्त्री समक्ष छानबिन गरिदिन माग गर्न सकिन्छ (तर, यस निर्णय भएको थाहा पाएको दिनको भोलि पल्टको मिति देखिको हिसाबले ३ महिना भित्र भएता पनि यस निर्णय भएको दिनको भोलि पल्टको मिति देखिको हिसाबले १ वर्ष वितेमा छानबिन गरिदिन माग पेश गर्न नसकिने हुन्छ।)।

९ यस निर्णयलाई बदर गरि पाउ भन्ने उजुरी, यस निर्णयको सूचना प्राप्त भएको दिनको भोलि पल्टको मिति देखिको हिसाबले ६ महिना भित्र भएमा मात्र प्रिफेक्चरलाई प्रतिवादि बनाई (मुद्दा मामिलाका संवन्धमा प्रिफेक्चरको प्रतिनिधि प्रिफेक्चरको गभर्नर हुनेछ।) दायर गर्न सकिनेछ (तर, यस निर्णय भएको सूचना पाएको दिनको भोलि पल्टको मिति देखिको हिसाबले ६ महिना भित्र भएता पनि यस निर्णय भएको दिनको भोलि पल्टको मिति देखिको हिसाबले १ वर्ष वितेमा बदर गरि पाउ भन्ने उजुरी दायर गर्न नसकिने हुन्छ।) ।साथै, यस निर्णय भएको सूचना पाएको दिनको भोलि पल्टको मिति देखिको हिसाबले ३ महिना भित्र छानबिन गरिदिन माग पेश गरेमा यस निर्णयको बदर गरिपाउँ भन्ने उजुरी यस छानबिन गरिदिन माग प्रतिको निर्णयको पत्राचार प्राप्त भएको दिनको

भोलि पल्टको मिति देखिको हिसाबले ६ महिना भित्र भएमा दायर गर्न सकिन्छ । (तर, यस छानबिन गरिदिन माग प्रतिको निर्णयको पत्राचार प्राप्त भएको दिनको भोलि पल्टको मिति देखिको हिसाबले ६ महिना भित्र भएता पनि छानबिन गरिदिन माग प्रतिको निर्णय भएको दिनको भोलि पल्टको मिति देखिको हिसाबले १ वर्ष वितेमा बदर गरि पाउ भन्ने उजुरी दायर गर्न नसकिने हुन्छ।)।